तिमीहरू मध्यमार्ग र सही बाटो अपनाऊ । जानि राख, तिमीहरूमध्ये कोही पनि आफ्नो कर्मले मुक्ति पाउन सक्दैनौ।" सहाबाहरूले सोधे: "हे रसूल! तपाईँ पनि होइन?" उहाँले भन्नुभयो: "म पनि होइन, तर अल्लाहले मलाई आफ्नो रहमत र कृपाले ढाक्नुभएको छ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरू मध्यमार्ग र सही बाटो अपनाऊ । जानि राख, तिमीहरूमध्ये कोही
पनि आफ्नो कर्मले मुक्ति पाउन सक्दैनौ।" सहाबाहरूले सोधे: "हे रसूल! तपाईँ पनि
होइन?" उहाँले भन्नुभयो: "म पनि होइन, तर अल्लाहले मलाई आफ्नो रहमत र कृपाले
ढाक्नुभएको छ।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सहाबाहरूलाई निरन्तर कार्य गर्न, अतिशयोक्ति र फजुल खर्चबाट बच्न, सकेसम्म अल्लाहको डर मान्न, सत्यलाई आफ्नो कार्यको लक्ष्यको रूपमा पछ्याउन, इमानदारी र सुन्नतको पालना गर्न प्रोत्साहित गर्नुभयो, ताकि तिनीहरूका कार्यहरू स्वीकार गरियोस् र अल्लाहको रहमत तिनीहरू माथि अवतरित होस्। त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सहाबाहरूलाई बताउनुभयो, तिमीहरूमध्ये कसैको पनि कार्यले उसलाई बचाउन सक्दैन। बरू अल्लाहको रहमत अनिवार्य छ। साथीहरूले सोधे: हे रसूल! तपाईंका यति ठूलो स्थान र कर्महरूले पनि तपाईंलाई बचाउन सक्दैनन्? उहाँले जवाफ दिनुभयो: म पनि होइन, जबसम्म अल्लाहले मलाई आफ्नो कृपाले ढाक्नुहुन्न ।

http://sunnah.global/hadeeth/ne/show/3469